नेपाल सरकार
# राष्ट्रिय परीक्षा बोर्ड
सानोठिमी, भक्तपुर, नेपाल

पत्र संख्या :-

च.नं. :

मिति : २०८१/१२/२९
नेपाल संवत् ११४५, चौलाथ्व

## हार्दिक अपिल

नेपालको संविधानले विद्यालय शिक्षालाई विद्यार्थीको अधिकारका रूपमा लिएको छ । शिक्षा प्रणालीको सफलता पाठ्यक्रमको सफल कार्यान्वयनमा निर्भर रहन्छ । यस प्रकियामा शिक्षकहरूको महत्त्वपूर्ण भूमिका हुनेमा दुई मत छैन । त्यसरी नै शिक्षकको पेसागत विकासको सम्मानपूर्ण सुनिश्चतताले सिकाइको गुणस्तर र विद्यार्थीको जीवनमार्ग निर्देश हुने कुरा पनि सर्वविदितै छ । अहिले एकातर्फ नेपाल शिक्षक महासङ्घको नेतृत्वमा शिक्षा विधेयकलाई ऐनको रुपमा यथासिध्र ल्याउनका लागि नेपाल सरकारसंग अपिल भइरहेको छ भने अर्कोतर्फ एसईई दिइसकेका विद्यार्थी समयभित्र नतिजा प्राप्तिको पर्खाइमा छन् । विद्यार्थीको नतिजा प्रकाशनमा एक दिन मात्रको ढिलाइले उनीहरूको जीवनको महत्त्वपूर्ण अवसर गुम्न सक्छ । उत्तरपुस्तिका परीक्षण जस्ता कार्य विज्ञ शिक्षकबाहेक अरूबाट हुन सक्दैन । यसका लागि राष्ट्रिय परीक्षा बोर्डले शिक्षकहरूकै सल्लाह र सुझावमा नतिजा प्रकाशनको कार्यतालिकासहित कार्ययोजना बनाई काम सुरु भइरहेको छ । त्यस्तै कक्षा १२ को माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा २०८२ वैशाख ११ गतेदेखि शुरु हुँदैछ । कक्षा १२ का विद्यार्थीहरू उत्सुकताका साथ परीक्षाको पर्खाइमा छन् । उत्तरपुस्तिका परीक्षण तथा परीक्षा संचालन व्यवस्थापनमा शिक्षकहरूकै अहम् भुमिका रहन्छ । परीक्षाको उत्तरपुस्तिका परीक्षणमा हुने ढिलाइले विद्यार्थीले नतिजा प्राप्ति पछि पाउने अवसरमा प्रत्यक्ष असर पार्ने संवेदनशील पक्षमा प्रवुद्ध शिक्षकवर्ग जानकार नै हुनुहुन्छ । विगत समयदेखि शिक्षकहरूले नै विद्यार्थीको दक्षता र सिकाइ उपलब्धि परीक्षणको गहन जिम्मेवारी सम्हाल्दै आउनुभएको छ । यो अत्यन्त गहन र सम्मानित कार्य पनि हो । शिक्षकहरूको पेसागत बढोत्तरी, पेसागत सुरक्षा तथा विद्यार्थीका आवश्यकता र अवसर दुवै प्राथमिक र संवेदनशील पक्ष हुन् । यस संवेदनशीलताभित्र आफ्ना माग तथा अपिलसँगै विद्यार्थीको भविष्यलाई समेत दृष्टिगत गरी उल्लिखित कार्यहरुको जिम्मेवारी सदाझैं वहन गरी सहयोग पुऱ्याई दिनुहुन नेपाल शिक्षक महासङ्घ तथा सम्पूर्ण शिक्षकहरूसँग हार्दिक अनुरोध गरिन्छ ।

२०८१।१२।२९

डा. महाश्रम शर्मा
अध्यक्ष

फोन : ६६३०८४८, ६६३१३९४, ६६३१५८७, ६६३१५८६, ६६३०७४७, ५६३९०७३ फ्याक्स: ६६३०५९८, ६६३०८४८